आज मिति २०६९-१०-१९ गते का दिन यस मल्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङ ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठकबसी तपसिल बमोजिमका निर्णय गरिएको ।

उपस्थिति:

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म.गा.पा]
उपाध्यक्ष :- श्री गुना माया थापा (उपाध्यक्ष "]
वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ (वडा नं. १ "]
वडा अध्यक्ष :- श्री चैत बहादुर गुरुङ (वडा नं. २ "]
वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा नं. ३ "]
वडा अध्यक्ष :- श्री बल बहादुर गुरुङ (वडा नं. ४ "]
वडा अध्यक्ष :- श्री जन श्याम घले (वडा नं. ५ "]
वडा अध्यक्ष :- श्री मीन माया गुरुङ (वडा नं. ६ "]
वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा नं. ७ "]
वडा अध्यक्ष :- श्री धनराज तामाङ (वडा नं. ८ "]
वडा अध्यक्ष :- श्री हरिराम्हाङ थापा (वडा नं. ९ "]
कार्यपालिका सदस्य :- श्री पुर्ण घले
कार्यपालिका सदस्य :- श्री पारकाजी गुरुङ
कार्यपालिका सदस्य :- श्री पुर्ण काजी गुरुङ
कार्यपालिका सदस्य :- श्री मच्छ माया वगाले
कार्यपालिका सदस्य :- श्री मिठा कुमारी नेपाली
कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत :- श्री प्रेमचन्द्र आचार्य

अन्य उपस्थिति

अर्जुन बजाई (प्र.मं)
सुरेन्द्र दुङ्गाना (लेखापाल)

गाउँपालिकाको
मुलमुले,लमजुङ
गण्डकी प्रदेश , नेपाल
२०७२

मिति २०७९ माघ १९ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु

निर्णय नं १: अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।
मिति २०७९/१०/७ गतेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरू कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

निर्णय नं.२ आ.व. २०७८/७९ महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदनमा औल्याइएका वेरुजुहरु सम्बन्धमा
मर्स्याङदी गाउँपालिकाको आ.व. २०७८/७९ लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन औल्याइएका वेरुजुहरु उपर लेखा समितिमा दफावार छलफल भएका वेरुजु तथा वेरुजु उपरको छलफल तथा निर्णय कार्यपालिकाको वैठकमा समेत व्यापक छलफल भई वेरुजु उपरको छलफल तथा आवश्यक निर्णयको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ स्थानिय शिक्षा ऐन संशोधन सम्बन्धमा।
मिति २०७९/१०/ २० गते हुन गईरहेको गाउँसभामा मर्स्याङ्दी गाउँपालिकाको स्थानीय शिक्षा ऐनमा २०७५मा तपसिल वमोजिमका परिच्छेद, दफा संशोधन गर्नको लागि गाँउसभामा पेस गर्ने निर्णय गरियो ।

क्र.स.	दफा	हालको व्यवस्था	संशोधन पछिको व्यवस्था	कैफियत
		वडा शिक्षा समिति		
१	परिच्छेद -३,दफा १८ (१) (घ)	विद्यालयका प्रधानाध्यापक मध्येबाट गाउँ शिक्षा समितिले तोकेको दुई जना - सदस्य	विद्यालयका प्रधानाध्यापक मध्येबाट वडा शिक्षा समितिले तोकेको एक जना - सदस्य	संशोधन
२	परिच्छेद -३,दफा १८ (१) (ङ)	वडाभित्रका शिक्षाप्रेममीहरु मध्येबाट वडा समितिले तोकेको एकजना -सदस्य	वडाभित्रका शिक्षाप्रेममीहरु मध्येबाट गाउँ शिक्षा समितिले तोकेको एकजना महिलासहित २ जना -सदस्य	संशोधनसहित १ जना सदस्य थप
३	परिच्छेद -३,दफा १८ (१) (च)	सम्बन्धित वडाका वडा सचिव -सदस्य सचिव	उच्चतम विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव	संशोधन
		विद्यालय व्यवस्थापन समिति		
४	परिच्छेद -३,दफा	समितिका सदस्यहरुध्येबाट (ख)र(घ) मध्येबाट छानेको	समितिका सदस्यहरुध्येबाट (ख),(घ) र (ङ) मध्येबाट	संशोधन सहित थप व्यवस्था

अर्जुन गुरुङ
अध्यक्ष

Scanned with CamScanner

	१९. (१) (क)	व्यक्ति -अध्यक्ष	छानेको व्यक्ति -अध्यक्ष	
५	परिच्छेद -३,दफा १९ (१) (ङ)	स्थानीय शिक्षाप्रेमी मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य	गाउँ शिक्षा समितिले तोकेको एकजना - सदस्य	संशोधन

<u>निर्णय नं. ४ मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति २०७९ सम्बन्धमा।</u>

मिति २०७९/१०/ २० गते हुन गईरहेको गाउँसभामा मर्स्याङ्दी गाउँपालिकाको मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति २०७९ पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ५ लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन (आ.व. २०७८/७९) दफा ३० सम्बन्धमा:</u>

लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन (आ.व. २०७८/७९) दफा ३० सम्बन्धमा:

- वेरुजुको संक्षिप्त व्यहोरा:
  - स्याउको विरुवा वितरण गरी रोपण गरेको क्षेत्रफल खुल्ने गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने बेरुजु रकम रु. ५,८८,०००|-
- सम्परीक्षणको लागि गाउँसभाको निर्णय:
  - स्याउका विरुवाको नाम रोयल डिलक्स (Royal Red Delicious) जातको रहको पाइयो । उक्त विरुवाहरू वेसीशहर स्थित रोज नर्सरी (सप्लायर)बाट वृक्षारोपण कार्यक्रम उपभोक्त समिति वडा नं. ४ र विरुवा वितरण कार्यक्रम उपभोक्ता समिति वडा नं. ५ मार्फत वडा नं. ४ को लागि प्रति विरुवा रु. ३५७|- का दरले ११०० वटा विरुवाको जम्म रु. ३,९२,७००|- र वडा नं. ५ को लागि प्रति विरुवा रु. ३५७|- का दरले ५४० वटा विरुवाको जम्मा रु. १,९२,७८०|- मा खरिद भएकको पाइयो ।
  - उल्लेखित उपभोक्ता समितिहरुले रोज नर्सरी मार्फत स्याउका विरुवा खरिद गरेकोमा नर्सरीकै सल्लाह बमोजिम स्याउका ग्राफ्टिङ विरुवाहरू भएकाले ३ देखी ६ मिटरको फरकमा रोपण गर्न सकिने सल्लाह अनुसार सोहि बमोजिम नै स्याउका विरुवाहरू फिल्डमा रोपण भएको पाइयो । प्राविधिक नर्म्स अनुसार पनि ग्राफ्टिङ विरुवाहरू कम Spacing मा पनि लगाउन सकिने प्राविधिक सल्लाह रहेको पाइयो।
  - उल्लेखित उपभोक्ता समितिहरूले स्याउका विरुवाहरू सामूहिक रुपमा खेती गरेको पाइयो । वडा नं. ४ को कालाघिरिङ क्षेत्रको सार्वजनिक जग्गामा स्याउका ग्राफ्टिङ विरुवाहरू ३ देखी ६ मिटरको दुरीमा रोपण गरी गाउँपालिका भित्रको खाली, बाँझो सार्वजनिक जग्गाको उपयोग गरेको, खाली ठाउँमा फलफूलको वृक्षारोपण गरी समुदायको आर्थिक उन्नयनको प्रयत्न गरेको, भूक्षय नियन्त्रण गरेको तथा हरियालीलाई टेवा पुऱ्याएको पाइयो । उल्लेखित स्याउका विरुवाहरू वडा नं. ४ को कालाघिरिङ क्षेत्रमा करिब २५ रोपनी

अर्जुन गुरुङ
अध्यक्ष

Scanned with CamScanner

क्षेत्रफलमा र वडा नं. ५ को तल्लो चिप्ला, उपल्लो चिप्ला, निउरी, सज्जापु, थालाजुङ क्षेत्रमा करिब १० देखी १५ रोपनी क्षेत्रमा स्याउका विरुवाहरू रोपण भएको पाइयो । तसर्थ उल्लेखित उपभोक्ता समितिहरूको स्याउको विरुवा रोपण कार्यबाट कुनै किसिमको सार्वजनिक हानि निक्सानी, हिनामिना तथा मस्यौट नभइ ग्रामिण अर्थतन्त्रलाई आत्मनिर्भर गराउने प्रयत्न स्वरुप ३ देखी ६ मिटरको दूरीमा स्याउको विरुवा रोपण भएको कामलाई अनुमोदन, स्विकृती र समर्थन गर्ने गाउँकार्यपालिकाको सर्वसम्मत निर्णय गर्दै वेरुजु रकम रु. ५,८८,०००|- सम्परीक्षणका लागि महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.६ कार्यविधीहरु पारीत सम्बन्धमा ।

तपसिल वामोजिमका कार्यविधिहरु व्यापक छलफल गरी पारित गरियो ।

१. मर्स्याङ्दी गाउँपालिका उद्योग, व्यापार तथा व्यवसाय दर्ता कार्यविधि, २०७९

२. टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७९

३. गाउँपालिकाले घर टहरा बहाल तथा जग्गा लिजमा दिने/लिने र सरकारी जग्गा लिजमा उपलब्ध गराउन शिफारिस गर्न सम्बन्धि कार्यविधि, २०७९

निर्णय नं.७ झोलुङ्गे पुल सिफारिस गर्ने सम्बन्धमा ।

नेपाल सरकार शहरी विकास पूर्वाधार विमाग ,स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय गण्डकी प्रदेश पोखराको प.स. २०७९/८० च.न. १९८ मिति २०७९/१०/२०को पत्रनुसार तपसिलका बमोजिम झोलुङ्गे पुल, योजनाहरु माग गर्ने निर्णय गरियो ।

१. साप्रो खोला झोलुङ्गे पुल, मर्स्याङ्दी -५
२. भलाम खोला झोलुङ्गे पुल, मर्स्याङ्दी -९
३. रोप्ले खोला झोलुङ्गे पुल, मर्स्याङ्दी -२ र ९
४. घोप्टे डाँडा बाहुनडाँडा झोलुङ्गे पुल, मर्स्याङ्दी -४,६
५. डादी खोला झोलुङ्गे पुल, मर्स्याङ्दी -६ र ७
६. पुग्रो खोला झोलुङ्गे पुल, मर्स्याङ्दी -१
७. पिम्रो खोला झोलुङ्गे पुल, मर्स्याङ्दी -२
८. शिउरुङ खोला झोलुङ्गे पुल, मर्स्याङ्दी -३
९. प्लेखोला झोलुङ्गे पुल, मर्स्याङ्दी -३
१० निउरी खोला झोलुङ्गे पुल, मर्स्याङ्दी -५
११. किलुङ खोला झोलुङ्गे पुल, मर्स्याङ्दी -७
१२. डहरे खोला झोलुङ्गे पुल, मर्स्याङ्दी -९

अर्जुन गुरुङ
अध्यक्ष

Scanned with CamScanner